नेपाल सरकार

# थाहा नगरपालिका कार्यालय

शिखरकोट, मकवानपुर

## सूचीदर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७३/०४/१७**

यस थाहा नगरपालिकाको आ.व. २०७३/७४ को लागि आवश्यक पर्ने तपसिल बमोजिमका कार्यहरु गर्न इच्छुक व्यक्ति, फर्म, सेवाप्रदायक र सामान आपूर्तिकर्ताको छुट्टा छुट्टै मौजुदा सूची तयार गर्ने प्रयोजनको लागि सम्बन्धित कार्य गर्न पाउने इजाजतपत्र, स्थायी लेखा नम्बर, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व.२०७१/७२ को कर चुक्ता प्रमाणपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कालो सूचीमा नपरेको स्व-घोषणापत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु तथा निवेदनमा रु.१०/- को टिकट टाँसी कार्यालय समयभित्र यस कार्यालयमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### कामको विवरण:

**१. खरिद, आपूर्तितर्फ तथा निर्माण सम्बन्धी कार्य तर्फ:**

(क) स्टेशनरी तथा कार्यालय सञ्चालन सम्बन्धी विविध मसलन्द सामानहरु ।
(ख) छपाई सम्बन्धी कार्य ।
(ग) फर्निचर तथा फर्निसिङ्का सामानहरु आपूर्ति सम्बन्धी कार्य ।
(घ) गुणस्तर प्रमाण चिन्हप्राप्त खानेपानी आपूर्ति सम्बन्धी कार्य ।
(ङ) पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य ।
(च) विद्युतीय सामग्री, कम्प्युटर, फ्याक्स, प्रिन्टर, टोनर कार्टिज यु.पि.एस., ए.सि, इन्भर्टर, जेनेरेटर, सोलार, टेलिफोन आदि विद्युतीय सामग्री जडान वायरिङ्ग मर्मत तथा आपूर्ति सम्बन्धी कार्य ।
(छ) फायर फाइटिङ्ग जडान तथा आपूर्ति कार्य ।

**२. मर्मत सम्भार तर्फ:**

(क) इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरुको मर्मत सम्भार सम्बन्धी कार्य ।
(ख) फर्निचर तथा फर्निसिङ्का सामानहरु मर्मत सम्भार ।

**३. परामर्श सेवा तथा अन्य सेवा तर्फ:**

(क) विज्ञापन प्रकाशन गर्ने कार्य ।
(ख) श्रव्यदृश्य कार्यक्रम/डकुमेन्ट्री तयार तथा प्रसारण गर्ने कार्य ।
(ग) कुरियर सेवा ।
(घ) ट्राभल एजेन्सीहरु (हवाई टिकटको लागि) ।
(ङ) Annual Hardware Maintenance, Software Customization Maintenance.
(च) Computer software निर्माण ।
(छ) Computer Networking.
(ज) विभिन्न किसिमका परामर्श सेवाहरू तथा ईन्जिनियरिङ्ग सेवा ।
(झ) अध्ययन/अनुसन्धान सेवा,पर्यटन सम्बन्धि परामर्श सेवा,आवधिक योजना तथा गुरुयोजना तयारी सम्बन्धी कार्य ।
(ञ) तालिम तथा प्रवर्द्धनात्मक कार्यहरू ।
(ट) क्याटरिङ्ग सर्भिस ।
(ठ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य ।
(ड) लेखापरिक्षण सम्बन्धी कार्य ।
(ढ) विविध सेवा ।

**४. गैरसरकारी संस्थाले प्रवाह गर्ने सेवा तर्फ:**

(क) जनेचतना अभिवृद्धि सम्वन्धि तालिम, सिप विकास सम्वन्धी तालिम, समूह गठन सम्वन्धी कार्य ।
(ख) अभिमुखीकरण, सबलीकरण र मूलप्रवाहीकरण ।
(ग) वनवातावरण र संरक्षण प्रवर्द्धनात्मक कार्यहरू ।
(घ) जनसहभागिता प्रवर्द्धन गरी स्थानीय स्तरमा निर्माण सम्वन्धी कार्य ।

**५. इन्जिनियरिङ्ग परामर्श सेवा तर्फ:**

(क) घर नक्सा पास सम्बन्धी नक्सा तयार गर्ने कार्य ।

**शर्तहरु:**

(क) म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपी संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।
(ख) सूचिकृत भएका फर्म वा कम्पनीहरुले सन्तोषजनक सेवा तथा सामान आपूर्ति नगरेको खण्डमा सूचिबाट हटाउने र यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।
(ग) कम्पनी,फर्म वा संस्था सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

**कार्यकारी अधिकृत**